का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ वैशाख २०७९,
शुक्रबार
29 April 2022,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्नु

वर्ष २०, अंक ८३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com


आगामी ३० वैशाखमा हुने स्थानीय चुनावका लागि मतपत्रसहित निर्वाचन सामग्री लिएर हुम्ला पुगेको नेपाली सेनाको विमान । तस्वीर: दाने बोहरा, रासस

एमाले नीति

## असन्तुष्टसँग अघोषित तालमेल !

चुनावमा गठबन्धन एक नरहने निचोड निकालेर एमाले गठबन्धनका असन्तुष्ट नेतासँग अघोषित तालमेल गर्ने नीतिमा केन्द्रीत भएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ वैशाख ।

आगामी स्थानीय चुनावमा पाँच दलीय सत्ता गठबन्धन गठबन्धनका रुपमा नरहेको नेकपा एमालेको निष्कर्ष छ । ३० वैशाखको चुनावमा पनि गठबन्धन एक नरहने निचोड निकालेर एमाले असन्तुष्ट गठबन्धनका नेता/कार्यकर्तासँग अघोषित तालमेलको नीतिमा जुटेको छ ।

एमाले नेता विजय सुब्बा विपक्षी दलको असन्तुष्ट पक्षलाई आफ्नो पक्षमा ल्याउने प्रयासलाई स्वभाविक मान्छन । 'यसै पनि पाँच दल एकातिर एमाले अर्कोतिर छ । यो बेला गठबन्धनको असन्तुष्ट पक्षको आवाजलाई एमालेले ख्याल गर्नु अन्यथा विषय रहेन' सुब्बाले मध्यान्हसँग भने ।

एमालेका अध्यक्ष केपी शर्मा ओली त गठबन्धन संस्कृत नै गलत भएको तर्क गर्दै हिडिरहेका छन् । बिहीबार मात्रै अध्यक्ष ओलीले पाँचदलीय गठबन्धनलाई 'लुतो' रोगसँग तुलना गरे ।

अध्यक्ष ओलीले गठबन्धनले पीडा दिएको पनि स्वीकार गरे । तर, केहीबेरको मात्रै पीडा भएको उनको तर्क छ । 'पाँचदलीय गठबन्धन अलिक समय आएको लुतो हो । ठूलो घाउ पनि होइन । तर कतिबेला यता खुचखुच गर्छ, कतिबेला उता खुचखुच गर्छ । केही समयका निम्ति पीडा हो' एमाले काठमाडौं महानगर कमिटीले गरेको कार्यक्रममा उनले भने ।



> यसैपनि पाँच दल एकातिर र एमाले अर्कोतिर छ । यो बेला गठबन्धनको असन्तुष्ट पक्षको आवाजलाई एमालेले ख्याल गर्नु अन्यथा विषय रहेन ।
>
> **विजय सुब्बा**
> **नेता, नेकपा एमाले**

गठबन्धनले दिएको पीडालाई निर्वाचनको माध्यमबाट पन्छाउने उनको उद्घोष छ । उनी भन्छन्, 'लुतो पन्छाउने एउटा दिन हुन्छ नेपालमा । यसपल्ट चाहिं दुईवटा दिन हुने भो । एउटा वैशाख ३० गते, अर्को मंसिरतिर कहिले हो ।'

३० वैशाखमा स्थानीय तहको चुनाव हुँदैछ भने ओलीले भनेको मंसिर प्रदेश र संघीय चुनावको समय हो । ओलीले प्रदेश र संघीय चुनावमा पनि अहिलेको पाँच दलीय गठबन्धन कायम रहन सक्नेतर्फ संकेत गर्दै भनेका छन् ।

तर, ओलीले पनि गठबन्धनभित्रको असन्तुष्ट पक्षलाई आतमा लिएर अगाडि बढ्ने पार्टीको नीति रहेको प्रष्ट भनेका छन् । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल बाहेक सबैसँग सहकार्य गर्न सकिने उनको सार्वजनिक आह्वान छ ।

अर्थात, पाँच दलीय गठबन्धनलाई आपसमा एक रहन नदिएर त्यसको लाभ लिने – बाँकी पृष्ठ २ मा

## नोटिसमा गृहमन्त्री

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १५ वैशाख ।

निर्वाचन आयोगले गृहमन्त्री बालकृष्ण खाँडको गतिविधिलाई नोटिसमा राखेको जनाएको छ । बागी उम्मेदवारलाई फकाउन चितवनको भरतपुर पुगेको विषय आफ्नो नोटिसमा रहेको निर्वाचन आयोगले जनाएको हो । सार्वजनिक पदमा रहेको व्यक्ति फिल्डमा पुग्नु आचारसंहिता अनुकुल नहुने पनि आयोगको भनाइ छ ।

साथसाथै आयोगले मतदान केन्द्र भएका विद्यालयमा तीन दिन भौतिक रुपमा पठनपाठन बन्द गर्न सरकारसमक्ष अनुरोध गरेको छ ।

मुख्य सचिव मार्फत सरकारलाई अनुरोध गर्ने निर्णय आयोगको छ । जसमा २८ वैशाखदेखि ३० वैशाखसम्म उपयोग गर्नुपर्ने भन्दै भौतिक उपस्थिति नगराउन र सो अवधिमा विद्यार्थीहरूलाई वैकल्पिक पद्धतिबाट पठनपाठनको व्यवस्था मिलाउन भनिएको छ ।

स्थानीय तह निर्वाचनका लागि मतदान तथा निर्वाचनसम्बन्धी व्यवस्थापकीय कार्य सञ्चालन गर्न मतदान स्थल तथा मतदान केन्द्र रहेको विद्यालयहरु बन्द गर्नु उपयुक्त हुने आयोगको निचोड छ ।


बागी उम्मेदवारी फिर्ताको पहल गर्न बिहीबार चितवन पुगेका गृहमन्त्री खाँडलाई स्वागत गर्दै कांग्रेस कार्यकर्ता ।

### सार्वजनिक बिदा

आयोगले मतदानको दिन सार्वजनिक विदा दिन सिफारिस गरेको छ । आयोगका सहायक प्रवक्ता सूर्य प्रसाद अर्यालका अनुसार, मतदानको दिन सार्वजनिक बिदा दिन सरकार समक्ष सिफारिस गरिएको छ ।

मतदातालाई सहज रुपमा मतदान गर्ने वातावरण तयार गर्नका लागि बिदा दिनु उपयुक्त रहेको आयोगको बुझाइ छ । 'पाँच बर्षका लागि नेतृत्व चयन गर्ने दिन जनताका लागि उत्सव नै हो । मतदानलाई व्यवस्थित गर्ने हिसाबले पनि सार्वजनिक बिदा दिनु उपयुक्त हुन्छ' अर्यालले भने ।

आयोगले मुख्यसचिवमार्फत बिदा दिनका लागि सरकारसमक्ष सिफारिस गरेको हो । प्रवक्ता अर्याललका अनुसार निर्वाचन आयोगले स्थानीय तह निर्वाचनका लागि बिहीबारसम्म ७२ जिल्लाको मतपत्र छपाइ सकाएको छ ।

७२ जिल्लाका लागि १ करोड ७७ लाख ७५ हजार मतपत्र छपाइ सकिएको हो । हालसम्म ३३ जिल्लाका लागि ५१ लाख ३३ हजार मतपत्र ढुवानी गरिएको पनि आयोगले जानकारी दिएको छ । आयोगका प्रणालीमा हालसम्म १ लाख ५३ हजार उम्मेदवारको मनोनयन दर्ता भएको पनि पनि आयोगका सहायक प्रवक्ता अर्यालले जानकारी दिए ।

## टिकट नपाए दल त्याग

कांग्रेस, एमाले, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जसपा नेपाल लगायत दलहरुबाट एउटा परित्याग गर्ने र अर्कोमा प्रवेश गर्ने प्रवृत्ति बढेको हो । अघिल्लो दिनसम्म एउटा दलको प्रचारमा हिँडेका धेरै नेता कार्यकर्ता पार्टी परित्याग गरी अर्को दलमा प्रवेश गर्ने प्रवृत्ति बढेको हो ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १५ वैशाख ।

आगामी वैशाख ३० मा हुने स्थानीय निर्वाचनमा टिकट नपाएपछि जनप्रतिनिधिदेखि केन्द्रीय नेताहरु समेत धमाधमदल त्याग्न थालेका छन् । कतिपयले सामाजिक सञ्जालमा स्टाटस लेखेर दल त्यागेको घोषणा गरेका छन् भने कतिपयले पार्टीमा सामूहिक राजीनामा बुझाएर दल त्याग गरिरहेका छन् । गत बुधवार मात्रै धनकुटाको पाखीबास नगरपालिकाका मेयर बिर्खबहादुर राईले एमाले परित्याग गरेको थिए । उनले सामाजिक सञ्जालमा 'मैले आजदेखि पार्टीमा नरहने घोषणा गरेँ, दुःख त लागेकै छ' भन्ने स्टाटस लेखेर पार्टी परित्याग गरेका थिए ।

नेकपा एमालेले पाखीबासमा भीमबहादुर राई मेयर र उपमेयरमा नम्रता देउजालाई उम्मेदवार बनाएपछि उनले पार्टी त्याग्ने निर्णय गरेका हुन् । नेकपा (एमाले)का लुम्बिनी प्रदेश कमिटी सदस्य बाबुलाल यादवले स्थानीय निर्वाचनमा आफूलाई गाउँपालिका अध्यक्षको उम्मेद्वार नबनाएपछि पार्टी त्यागेको घोषणा गरेका थिए ।

स्थानीय तहको निर्वाचनमा सम्मरीमाई गाउँपालिका अध्यक्षको उम्मेदवारको आकांक्षी भएपनि कुनै पनि छलफल नगराइएपछि असन्तुष्ट रहेका यादवले एमालेको सिद्वान्त, विचार मन परेर २०५४ सालदेखि नै पार्टीमा लागेको तर केही नेताहरुको कारण आफूले पार्टी छोडेको बताएका थिए । त्यसैगरी कांग्रेसका बाग्लुङका नेता नवराज पौडेलले घोषणा नगरी एमालेको प्रचारमा तस्वीर सार्वजनिक गर्न सुरु गरेका छन् । नेपाल महिला संघकी सचिव उषा पौडेलले जैमिनी नगरपालिकाको उपप्रमुखमा कांग्रेसकै उमेदवारविरुद्ध एमालेको सूई चिन्ह लिएर उठेकी छिन् । कांग्रेसभित्रै टिकटको लागि पहल गरिरहेकी पौडेललाई एमालेले टिकट दिएपछि उनी स्वत पार्टी प्रवेश गरेकी छिन् ।


रुपन्देहीको सम्मरीमाई गाउँपालिकाका अध्यक्ष बब्लु शुक्ललाई पार्टीमा स्वागत गर्दै माओवादी अध्यक्ष प्रचण्ड । स्रोत : समाजिक संजाल

कांग्रेसकै बागलुङ नगरपालिका-२ का सभापति अमरबहादुर खड्काले वडाध्यक्षको टिकट नपाएको भन्दै एमालेमा प्रवेश गरेर सदस्य लडेका छन् । कांग्रेसकै बाग्लुङका नेता गणेश नेपालीले पनि वडाध्यक्षको टिकट नपाएको भन्दै पार्टी छाडेका घोषणा गरेका छन् । रौतहटको फतुवा विजयपुर नगरपालिकाका मेयर गोपालप्रसाद यादवले १४ वर्षदेखि काँग्रेस पार्टीमा सक्रिय रूपमा लाग्दालाग्दै पनि जिल्ला सभापतिले आफूलाई बाईपास गरेको भन्दै केही दिनअघि पार्टी परित्यागको घोषणा गरेकाथिए । काँग्रेसबाट मेयरमानिर्वाचितउनले काँग्रेस जिल्ला सभापति सुनिलयादव (जितेन्द्र)ले आसन्न निर्वाचनका लागि मेयरको उम्मेदवारका रुपमा आफ्नै भाइ ज्ञानेन्द्र यादवको नाम मात्र सिफारिस गरेपछि उनले पार्टी परित्याग गरेका थिए ।

स्थानीय चुनाव विषयमा असन्तुष्टि जनाउँदै नेकपा एकीकृत समाजवादी मकवानपुर जिल्ला अध्यक्ष श्रीधर पोखरेल नेकपा एमालेमै फर्किने भएका छन् । 'पार्टीलाई सामूहिकहोइन, प्राइभेट लिमिटेडजस्तो बनाउन खोजियो । हामीले यस्तो गर्न एमालेमा विद्रोह गरेका होइनौं,' पोखरेलले भने ।

केही दिनअघि चुनाव वितरणमा असन्तुष्टि जनाउँदै नेकपा एकीकृत समाजवादीका नगर सचिव शिवचन्द्र झा, नेकपा एकै वडा नं. ५ का वडा सचिव साधना झा, लोसपा नेतृ संगीता देवीझा जसपामा प्रवेश गरेकाथिए । नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जसपा नेपाल लगायत दलहरुबाट एउटा परित्याग गर्ने र अर्कोमा प्रवेश गर्ने प्रवृत्ति बढेको हो । अघिल्लो दिनसम्म एउटा दलको प्रचारमा हिँडेका धेरै नेता कार्यकर्ता पार्टी परित्याग गरी अर्को दलमा प्रवेश गर्ने प्रवृत्ति बढेको हो ।

## फैलँदो वैदेशिक रोजगार : ग्रामीण सभ्यता नै ध्वस्त हुने खतरा

**गलेश्वर/रासस–** करिब तीन दशक अघिसम्म ढुङ्गा र खरले छाएका र पाली हालेका गाउँले पाराका घर हुन्थे गाउँघरमा संयुक्त परिवार हुन्थ्यो । दसैं तिहारजस्ता चाडपर्व आउँदा सेतो कमेरो र रातोमाटोले लिपपोत गर्दा घर चिटिक्क देखिन्थे । गाउँ नै उज्यालो हुन्थ्यो । घरनजिकै गाईगोठ र भैंसीगोठ हुन्थ्यो । परालका माच, मकैका कुन्यू र नलको चाङ हुन्थ्यो । घरको पछाडी करेसाबारी,लेकबेंसीमा खेतबारी र तिनै खेतबारीमा काम गरिरहेका गाउँका युवायुवती, प्रौढप्रौढा रौनक नै बेग्लै हुन्थ्यो गाउँको । खेतमा धान, मकै, गहुँ, भटमास फल्थ्यो । बारीमा मकै, कोदो, मास, भटमास, बोडी, तोरी, तरुल, आलु, सखरकन्द आदि फल्थे । उखुबारीमा उखु हुन्थ्यो । खरबारीमा खर हुन्थ्यो । गाउँका यो प्राकृतिकस्वरुप हराएको पुगनपुग ३० वर्ष भयो । २०४६ सालको राजनीतिक परिवर्तनपछि गाउँमा विकासको लहर चल्यो भने प्रकृतिमा विनाशको डोजरले सम्पदा र मौलिकता दुवैलाई भत्काउन सुरु गर्यो । विसं २०४६ देखि भर्खर बामे सर्न थालेको विकासको पाइला २०५२ सालदेखि सुरु भएको तत्कालीन माओवादी विद्रोहका कारण थला पर्‍यो । २०६३ सम्मको १७ वर्ष गाउँमा विकास र पूर्वाधारको हुनसम्म खति भएपछि २०६२/६३ पछिको राजनीतिक परिवर्तनले गाउँमा पुन : विकासको लहर फैलियो । विकासको त्यो लहर सडक निर्माणमा सबैभन्दा बढी भयो ।

गाउँका यो प्राकृतिकस्वरुप हराएको पुगनपुग ३० वर्ष भयो । २०४६ सालको राजनीतिक परिवर्तनपछि गाउँमा विकासको लहर चल्यो भने प्रकृतिमा विनाशको डोजरले सम्पदा र मौलिकता दुवैलाई भत्काउन सुरु गर्यो । विसं २०४६ देखि भर्खर बामे सर्न थालेको विकासको पाइला २०५२ सालदेखि सुरु भएको तत्कालीन माओवादी विद्रोहका कारण थला पर्यो । २०६३ सम्मको १७ वर्ष गाउँमा विकास र पूर्वाधारको हुनसम्म खति भएपछि २०६२/६३ पछिको राजनीतिक परिवर्तनले गाउँमा पुन : विकासको लहर फैलियो । विकासको त्यो लहर सडक निर्माणमा सबैभन्दा बढी भयो ।

गाउँका भीरपाखा, उर्वरफाँट र जलाशय भत्काइन थालियो । सडक खन्ने नाउँमा प्रकृतिमाथि भएको डोजर अत्याचार अहिलेसम्म पनि रोकिएको छैन । जव डोजर गाउँमा पस्यो तब गाउँको मौलिकता भत्कियो । आपसी भाइचारा र सामाजिक एकता पनि डोजरे विकासले भत्काउन थाल्यो । गाउँमा सडक पुगेपछि जनतालाई सुविधा त पुग्यो तर त्यो सुविधा पनि पक्षपाती भएको स्थानीयवासीको गुनासो छ । 'सडक पुग्यो, गाडी पनि चल्यो तर,गाडीमा चढ्न सक्ने र चर्को भाडा तिर्न सक्ने हाम्रो अवस्था बनेन,' मालिका ५ देवीस्थानका एकजीत बूढाले भने, 'हाम्रा लागि विकास,आकाशको फल आँखा तरी मर, भनेजस्तै भयो ।'

गाउँमा सडक पुग्नुभन्दा अघि गाउँले आफ्ना श्रमले आफू पालिएका थिए र सहरलाई पनि पालेका थिए । गाउँबाट अन्न, दाल, तेल, घीउ, तरकारी सहर जान्थे । अहिले ती गाउँ-गाउँमा छैनन् । हिजो गाउँ भएका ठाउँमा अहिले उराठ र खण्डहर आएको – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### कुवेतको जजिरा एयरले गौतमबुद्ध विमानस्थलमा सिधा उडान गर्ने

**काठमाडौं/मस–** कुवेतको जजिरा एयरवेजले भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा सिधा उडान गर्न सबै तयारी पूरा गरेको छ । उक्त विमान सेवाले आगामी मे १५ तारेखदेखि उडान भर्ने तयारी गरेको बताएको छ ।

जजिरा एयरले हाल कुवेत-काठमाडौं उडान भर्दै आएको छ । करिब साढे ५ घण्टाको हवाई दूरी भएको कुवेत-काठमाडौं रूटमा वैदेशिक रोजगारीका लागि नेपाली कामदारको ठूलो हिस्सा ओहोरदोहोर – बाँकी पृष्ठ २ मा

# गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थमा 'वाइडबडी'



**काठमाडौं/मस**–रुपन्देहीको भैरहवा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा बिहीबार वाइडबडी ए-३३० जहाजले 'अपरेशनल पर्फमेन्स टेस्ट फ्लाइट' सम्पन्न गरेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भरेर नेपाल वायुसेवा निगमको वाइडबडी जहाज गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो ।

विमानमा चालक दलका सदस्यसहित २६० यात्रु सवार थिए । यसमा पर्यटनमन्त्री प्रेमबहादुर आले, पर्यटन सचिव महेश्वर न्यौपाने, महानिर्देशक प्रदीप अधिकारी, प्राधिकरणका कर्मचारी, पर्यटन व्यवसायी, सञ्चारकर्मीलगायतको उपस्थिति थियो ।

गौतमबुद्ध विमानस्थलमा अवतरण गरेपछि पानीको फोहराले जहाजलाई स्वागत गरिएको थियो । तत्पश्चात् आयोजित कार्यक्रममा पर्यटन सचिव महेश्वर न्यौपानेले गौतमबुद्ध विमानस्थल सञ्चालनमा आउनु मुलुकका लागि ठूलो उपलब्धि भएको बताए ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक इन्जीनियर प्रदीप अधिकारीले नेपालमा दोस्रो विमानस्थल औपचारिकरूपमा सञ्चालनमा आउनु मुलुकका लागि महत्वपूर्ण उपलब्धि भएको बताए । उनले भने, 'नेपालको भूमिमध्ये काठमाडौंबाहेक अन्य भूमिमा पहिलोपटक वाइडबडी जहाज अवतरण गर्दैछ । नेपालको हवाई क्षेत्रको ७४ वर्षे इतिहासमा यो कोसेढुङ्गा भएको छ । अहिलेसम्म ठूला जहाज काठमाडौंमा मात्र उडान अवतरण गरिरहेका थिए ।'

**धावनमार्गमा २० मिनेट**

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गमा अवतरण गरिसकेको वाइडबडी जहाज केहीबेर धावनमार्गमा रोकिएको थियो । जहाज अवतरण गरिसकेपछि जहाज मोड्ने बेला जहाज केही परसम्म पुगिसकेका कारण आवश्यक मोड नपुग्दा समस्या देखिएको थियो । पछि जहाजलाई उपकरणको सहायतामा पछाडि सारेर मोड्नु परेको थियो । जसले गर्दा जहाज करीव २० मिनेट अवतरणपछि पनि धावनमार्गको छेउमा रोकिएको थियो ।

नेपालमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलमा व्यवसायिक जहाजबाट परीक्षण उडान गरिएको हो । गौतमबुद्ध विमानस्थलमा २ जेठबाट नियमित उडान गर्ने तयारी रहेको छ ।

# झापामा नमूना मतदान

**झापा/मस**-निर्वाचन कार्यालय झापाले स्थानीय तह निर्वाचनका लागि मेची क्याम्पस भद्रपुरमा नमूना मतदान अभ्यास गराएको छ । जिल्लामा पहिलोपटक गरिएको नमूना मतदान अभ्यास कार्यक्रममा ३५ जना विद्यार्थी सहभागी भएका थिए । नमूना मतदानस्थलमा जिल्लाका मुख्य निर्वाचन अधिकृत गिरीराज गौतमले निर्वाचन अधिकृतको भूमिका निर्वाह गरेको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल सहायक मतदान अधिकृतका रूपमा रहेका थिए । नमूना मतदानस्थलमा मतदाताको नाम रुजु गर्नेमा आन्तरिक लेखा नियन्त्रण कार्यालयका प्रमुख मधु पोखरेलले भूमिका निर्वाह गरेका थिए । मतपत्र दिनेमा आन्तरिक राजस्व कार्यालयका प्रमुख शुभ रिजाल, कर्मचारीका रूपमा जिल्ला हुलाक कार्यालयका प्रमुख दामोदर घिमिरे र पूर्वाधार विकास कार्यालयका प्रमुख रमेश श्रेष्ठ रहेका थिए ।


## पातारासी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**डिल्लीचौर, जुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृति गर्ने आसय पत्रको सूचना

**प्रकाशित मितिः २०७९/०१/१६**

यस कार्यालयबाट मिति २०७८/१२/०६ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार तपशिल बमोजिमका योजनाहरु निर्माण कार्यका लागि यस गाउँपालिकामा रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई गरिएको सिफारिस बमोजिम सार्वजनिक न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावकारी देखिएकोले बोलपत्र स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन २०६३ दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आसयपत्रको सूचना सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाताको विवरण | बोलकबोल अंक (भ्याटसहित) |
|---|---|---|---|
| NCB/078-79/PRM07 | ग्याँस चुलो खरिद तथा विवरण योजना | एस के डी निर्माण एण्ड सप्लायर्स | ३१, ५१, १५०।७७ |

**प्रमुख प्रशासकिय अधिकृत**


# १७ उम्मेदवारविरुद्ध उजुरी

**सर्लाही/मस**-सर्लाहीका विभिन्न स्थानीय निकायका १७ उम्मेदवारविरुद्ध उजुरी परेको छ । सबैभन्दा धेरै जिल्लाको बसबरिया गाउँपालिकामा उम्मेदवारी दिएका सातविरुद्ध उजुरी परेको हो । बागमती नगरपालिकामा चार उम्मेदवारविरुद्ध उजुरी परेको मुख्य निर्वाचन अधिकृत धुबकुमार पियाले जानकारी दिए । बलरामा दुई तथा लालबन्दी, कविलासी, रामनगर र ब्रम्हपुरीमा एक-एक उजुरी दर्ता भएका छन् । ती उजुरीमाथि विहिबार साँझसम्म छानबिन गर्ने र दोषी प्रमाणित भए उम्मेदवारी रद्ध गरिने पियाले जानकारी दिए ।

बलराको प्रमुखका उम्मेदवार अभयकुमार सिंह र बाग्मती नगरका प्रमुखका उम्मेदवार भरतकुमार थापाविरुद्ध उजुरी परेको हो । अन्य पालिकामा पनि विभिन्न उम्मेद्वारविरुद्ध उजुरी परेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

## एमाले...

नभए असन्तुष्ट कार्यकर्तासँग अघोषित तालमेल गरेर चुनावी नतिजा आफ्नो पक्षमा पार्ने एमालेको प्रष्ट नीति छ ।

पछिल्लो समय गठबन्धनभित्र देखा परेको असन्तुष्टिबाट एमाले खुसी पनि छ । गठबन्धन गरेको कांग्रेसको तर्फबाट ६ सय स्थानयि तहको प्रमुखमा उम्मेद्वारी परेको छ । कांग्रेसको आन्तरिक तथ्याङ्क अनुसार, २ सय भन्दा बढी कांग्रेसका बागी उम्मेदवार रहेका छन् ।

माओवादी केन्द्रबाट समेत केही बागी उम्मेद्वारी परेको छ । सत्ता गठबन्धन बागी उम्मेद्वारी फिर्ता गर्ने प्रयासमा रहेका बेला एमालेले भने असन्तुष्ट पक्षलाई थप उचालेर आफ्नो पक्षमा नतिजा पार्ने प्रयासमा लागेको हो । एमालेका महासचिव शंकर पोखरेल आफुहरुले सुरु देखि नै पाँच दलीय गठबन्धन अप्राकृति रहेको र लामो समय नटिक्ने बताउँदै आएको सम्झन्छन् ।

लामो नटिक्ने गठबन्धनले भन्दा सधैं स्वाधीनता र राष्ट्रिय एकताका पक्षमा आवाज उठाउँदै आएको एमालेले चुनाव जित्ने उनको कथन छ । नेपालमा छ दशक समय राजनीतिक लडाइँमा र अधिकार प्राप्तिमा लाग्दैमा बितेको र अहिले त्यो अवस्था नभएको भन्दै उनी जनताले विकास र समृद्धिको पक्षधरलाई चुनावमा रोज्नुपर्ने बताउँछन् । गठबन्धनका नाममा कार्यकर्ताको लामो समय देखिको लगानी खोसिएको भन्दै उनी असन्तुष्ट नेता/कार्यकर्ताको मनोभावना बुझ्न आफ्नो पार्टी तयार रहेको बताउँछन । महासचिव पोखरेल भन्छन्, 'अवसरमा समानता हुनुपर्छ । अर्को पार्टीमा पीडित नै भएर रहेको रहेछ भने एमालेमा आउँदा एमालेले न्याय दिन्छ ।'

## फैलँदो ...

छ । शून्यता छाएको छ । फाट्टफुट्ट घर छन् । घरमा ओज छैन, ऊर्जा छैन, चहलपहल छैन । चुहुने छाना, भत्केका पिँढी । बनमाराले साम्राज्य जमाएको आँगन र करेसा, त्यही भेटिन्छन् फाट्टफट्ट बुढाबुढी । विदेशिएका छोरा नातिले पठाएका पैसाले धानिने छ उनीहरुको जीविका ।

शिक्षक धनवीर थापा भन्छन, 'गाउँको पसलबाट किनेका चामल खाएर गुजारा चलाउँछन् गाउँलेहरु । हिजोका बारी, करेसाबारी, खेत बाँझिएका छन् । गाउँमा चरा उड्दैनन् । मौरी भुनभुनाउँदैनन् ।' अहिले धान-चामल चाहीँ विदेशबाट ओसार्न पर्ने बनाएको छ । वैदेशिक रोजगारीका नाउमा मान्छे बेच्ने कम्पनीवाला गाउँगाउँमा पुगेका स्थानीयवासीको भनाइ छ । 'गाउँ न पहिलेका गाउँ जस्ता छन्, नत सहर जस्ता नै हुनसकेका छन्,' बेनी नगरपालिका- २ का ८६ वर्षीय बेदप्रसाद उपाध्याय भन्छन्, 'गाउँ वर्णशङ्कर भए, धर्म, संस्कृति, परम्परा, सरसहयोग, ऐंचोपैंचो, झारा, पर्म सबै हराए, नयाँ नयाँ हामीले बुझ्नै नसक्ने कुरा आए ।'

आसन्न स्थानीय तहको माहौल जिल्लामा तातेको छ । 'नेताहरुले गाउँ बस्तीलाई उन्नति-प्रगतिमा अगाडि लानुपर्ने थियो । त्यस्ता नेता निस्केनन् । असल र इमानदार नेता हामीले चुनावमा उठाउन र जिताएर पठाउन पनि सक्दैनौँ । चुनावमा जालझेल चल्छ । हामीले भोट नदिए पनि उसैले नै जित्छ,' बगरफाँटका ९६ वर्षीय खड्गबहादुर थापाले भने ।

ग्रामीण संस्कृतिको अपचलनसँगै आपसी सद्भाव, सहयोग र परम्परागत मूल्य, मान्यता हराउँदै जान थालेछि ग्रामीण भेगका ज्येष्ठ नागरिक बढी चिन्तित छन् । वर्णसंकर संस्कृतिले ग्रामीण जीवनशैलीमाथि अतिक्रमण गर्दै जाँदा एक दिन ग्रामीण सभ्यता नै ध्वस्त हुने हो कि भन्ने चिन्ता जेठो पुस्तालाई छ । उनीहरु आफ्ना सन्तानमा देखिएको अस्वभाविक परिवर्तन र उनीहरुको जीवनशैलीका कारण बढी चिन्तित छन् ।

धर्म-कर्म, दान-दातव्य सबै देखावटी कार्यमा मात्रै सीमित भएको र त्यसको मर्म हराउँदै गएको उनीहरुको भनाइ छ । 'ग्रामीण जीवनको प्राकृतिक स्वाद हराउँदै गएको छ, गाउँमा मानिस गाउँले जस्ता पनि छैनन् र सहरिय जस्ता पनि हुन सक्दैनन्,' ७६ वर्षीय दण्डपाणी भन्छन्, 'रेमिट्यान्सले सहरलाई उभों लगायो, गाउँलाई रित्याइदियो ।' उनले भने, 'गाउँको घरबारी बेचेर, धितो राखेर वा ऋण लिएर विदेश जान्छन्, कमाए भने सहरमै घर घडेरी किन्छन्, परिवारलाई बसाइँ सार्छन, सहरमै बस्छन्, कमाउन सकेनन् भने भएको गाउँको टुक्राटाक्री बेच्छन् अनि पलायन हुन्छन्, यस्तै चल्दै त आएको छ गाउँमा ।'

## कुवेतको ...

गर्ने गरिरहेका छन् । कुवेत-भैरहवा-कुवेत दैनिक उडान गर्ने जजिरा विमानले यूएईमा ट्रान्जिट लिने नमस्ते ट्राभल्सका म्यानेजिङ डाईरेक्टर डेकेन्द्र बहादुर थापाले जानकारी दिए । विगत डेढ दशकदेखि यूएईलाई कर्मथलो बनाएर नमस्ते ट्राभल्स एण्ड टूरिजम एलएलसी, टिम ट्राभल्स एण्ड टूरिज़म एलएलसी दुवई तथा नेपालस्थित सेभेन पीक ट्राभल एण्ड टूर्स प्रा.लि.का सिनियर ट्राभल कन्सल्टेण्ट रहेका थापाले उक्त जहाजबाट यात्रा गर्न चाहने यात्रुहरूलाई सहज रूपमा सेवा उपलब्ध गराउने समेत बताए ।

जजिराले अहिले कुवेत-काठमाडौं रुटमा १७४ सिटको एयरबस-३२० मार्फत दैनिक उडान गर्दै आएको छ ।


## सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा **मुन ह्युमन रिर्सोस प्रा.लि. (श्रम इजाजत पत्र नं. ११५१/०७३/०७४)** का सञ्चालक अध्यक्ष श्री दीपक श्रेष्ठले मात्र कम्पनीको आर्थिक कारोबार गर्ने व्यक्ति भएको हुँदा यस प्रा.लि.का नामबाट अन्य कोही कसैले आर्थिक कारोबार गरेको पाइएमा मान्यता नहुने र त्यस्तो कारोबार गर्ने व्यक्तिको कारोबार व्यक्तिगत हुने व्यहोरा जानकारी गराइन्छ । अतः कोही कसैले प्रा.लि.का सञ्चालक अध्यक्ष श्री दीपक श्रेष्ठ तथा लेखा शाखाबाहेक अन्य कोही कसैसँग कारोबार नगर्न नगराउन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तसर्थ, केही कसैले प्रा.लि.का नाममा कारोबार गरेको भए ३५ (पैतिस) दिनभित्र स-प्रमाण प्रा.लि.मा उपस्थित हुनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ ।

इजाजत पत्र नं. ११५१/०७३/०७४

**Moon Human Resource Pvt.Ltd.**
Chakra Path, Kathmandu, Nepal, Tel : 01-4372834
Email moon4hr@gmail.com



**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Road Supervision & Monitoring Office, Kathmandu**

## ROAD DIVISION KATHMANDU

### Invitation for Bids No: 12-2078-79

**(Date of first publication: 2079/01/16)**

Road Division Kathmandu invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description and location of work | Estimate Amount without VAT, PS | Bid Security Amount | Document Fee |
|---|---|---|---|---|
| RDKTM/337310113/078/79/058 | Maintenance of Thulobharyang (Ringroad) Raniban Post Road | 4,064,329.60 | 112,000.00 | 3,000.00 |
| RDKTM/337310113/078/79/059 | Maintenance of Halchowk-Narayansthan Road | 4,216,102.62 | 116,000.00 | 3,000.00 |
| RDKTM/337310113/078/79/060 | Maintenance and upgrading of Bypass-Mudkhu Section of Ringroad-Tinpiple Road | 8,434,465.28 | 232,000.00 | 3,000.00 |
| RDKTM/337310113/078/79/061 | Upgrading and maintenance of Balaju Nepaltar Sanglabazar Road | 8,491,945.89 | 234,000.00 | 3,000.00 |
| RDKTM/337310113/078/79/062 | Maintenance of Purano Naikap Football Ground Nagdhunga Section of Nagdhunga(TRP) Tankeshwor Road | 8,458,537.49 | 233,000.00 | 3,000.00 |
| RDKTM/337310113/078/79/063 | Maintenance and Upgrading of Karkigaun-Mulpani-Gokarna Road | 4,236,889.61 | 117,000.00 | 3,000.00 |
| RDKTM/337310113/078/79/064 | Maintenance of Sankhu-Lapsiphedi -Bhotechaur Road | - | 698,000.00 | 5,000.00 |

Deadline for Bid Submission and Opening:

| Submission of Bid | | Opening of Bid Revenue Heading No. 14229 | | Revenue a/c No. | 00100106200000 | Office code | 337013512 |
|---|---|---|---|---|---|---|---|
| | | | | Bank | Everest Bank Ltd | | |
| Date | Time | Date | Time | Name of Office | Financial Comptroller General Office | | |
| 2079/02/17 | 12:00 | 2079/02/17 | 13:00 | Deposit A/c No. | 1960100102030000 | Office code | 337013512 |
| | | | | Name of Office | District Treasury Controller Office, Singhdurbar | | |
| | | | | Bank | Rastriya Banijya Bank Ltd, Singhdurbar | | |

Eligible Bidders may obtain further information at Road Division Kathmandu (Tel: 014465457, email: droktm1@gmail.com) or may visit PPMO's website http://bolpatra.gov.np/egp.

**Division Chief**

# 'मत दिन चाहन्न' लागू गर्न मुद्दा दर्ता

**काठमाडौं/मस-** सर्वोच्च अदालतमा निर्वाचनमा 'मत दिन चाहन्न' (राइट टु रिजेक्ट) को व्यवस्था कार्यान्वयन नगरिएको उल्लेख गर्दै अदालतको अवहेलना मुद्दा दर्ता गरिएको छ।

अधिवक्ता भद्रप्रसाद नेपाल (स्वागत) ले आज दर्ता गरेको उक्त अवहेलनाको मुद्दामा अदालतले यसअघि फैसलामा गरेको 'मत दिन चाहन्न' भन्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउनुपर्ने भने पनि कार्यान्वयनमा नआएको उल्लेख छ।




मुद्दामा प्रधानमन्त्री शेरबहादुर देउवा, सभामुख अग्निप्रसाद सापकोटा, कानून, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा (कोइराला) र प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालाई विपक्षी बनाइएको छ।

'मत दिन चाहन्न' भन्ने व्यवस्थालाई कार्यान्वयन नगरेको उल्लेख गर्दै मुद्दामा विपक्षीलाई कारबाही मागसमेत गरिएको छ। अदालतले उक्त मुद्दामा यही वैशाख २० गते पेसी तोकी सुनुवाइ गर्ने तय गरेको छ।

# एमाले चौतर्फी घेराबन्दीमा : पोखरेल

**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, १५ वैशाख

नेकपा एमालेका महासचिव शंकर पोखरेलले यतिबेला नेकपा एमाले चौतर्फी घेराबन्दीमा परेको बताएका छन्। एमाले बबई गाउँ कमिटीको आयोजनामा बबई गाउँपालिकाको हापुरेमा आयोजित प्रथम चुनावी सभालाई सम्बोधन गर्दै प्रमुख अतिथि पोखरेलले नेकपा एमालेले गरेको राम्रो काम सहन नसकेर पाँच दलीय गठबन्धनले परमादेशको सरकार बनाएको बताए।



कार्यक्रममा बोल्दै निवर्तमान अध्यक्षासमेत रहेका बबई गाउँपालिकाका अध्यक्ष पदका उम्मेद्वार भुवनेश्वर पौडेलले चुनाव पश्चात तत्काल भूमिहिन सुकुम्बासीलाई लालपूर्जा प्रदान गर्ने बताए।

उनले बबई गाउँपालिकामा तयार रहेका लालपूर्जा गठबन्धन सरकारले आयोग गठन नगरिदिँदा हस्तान्तरण गर्न नसकिएको उनको भनाइ छ। एमालेले चुनाव जितेमा तत्काल सुकुम्बासीको हातमा लालपूर्जा पर्ने उनले दावी गरे। नेकपा एमाले बबई गाउँकमिटी अध्यक्ष टंकराज विकको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेकपा एमालेका तर्फबाट बबईमा अध्यक्ष पदका उमेद्वार भुवनेश्वर पौडेल, उपाध्यक्ष पदकी उमेद्वार साबित्रा विश्वकर्मा लगायतले मन्तव्य राखेका थिए।

कार्यक्रममा विभिन्न पार्टी परित्याग गरि १ सय २१ जना एमालेमा प्रवेश गरेका थिए।

# प्रधानसेनापति शर्माद्वारा वारफेर शिक्षालयको निरीक्षण

काठमाडौं/मस-प्रधान सेनापति प्रभुराम शर्माले बाराको अमलेखगञ्जस्थित नेपाली सेनाको श्री प्रतिविद्रोह तथा जङ्गल वारफेर शिक्षालयको निरीक्षण भ्रमण गरेका छन्।

निरीक्षणाको दौरान उनले उक्त शिक्षालयको वस्तुस्थितिलगायत विविध पक्षबारे जानकारी लिई शिक्षालयद्वारा तयार गरिएको डेमोन्स्ट्रेशनको अवलोकन, सकलदर्जालाई सम्बोधन तथा 'श्री प्रतिविद्रोह तथा जङ्गल वारफेर शिक्षालयको स्मारिका-२०७८ 'विमोचनसमेत गरेका थिए।

भ्रमणकै क्रममा प्रधान सेनापति शर्माले नेपाली सेनाद्वारा, आसन्न 'स्थानीय तह निर्वाचन-२०७९' को सुरक्षामा केन्द्रित रही बारास्थित महागढीमाई इलाकामा स्थापना गरेको 'कम्पनी अपेरेटिङ बेस' को निरीक्षण गरेका सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

निरीक्षणका क्रममा उनले अपेरेटिङ बेसको वस्तुस्थितिलगायत विविध पक्षबारे जानकारी लिई सकलदर्जालाई सम्बोधन गरेका थिए।


## ललितपुर महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
पुल्चोक, ललितपुर,
बागमती प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रथम पल्ट प्रकाशित मितिः २०७९/०१/१६**

यस कार्यालयको मिति २०७८/१०/२६ मा प्रकाशित सुचना अनुसार Construction of Machhindra Complex (Multipurpose Building) at Lagankhel, Lalitpur, IFB No. LMC–16–078/79 आयोजनाको E–bidding मार्फत पेश भएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मिति २०७८/११/२७ गते खोली सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ङ को उपनियम (४) र बोलपत्र सम्बन्धी कागजातमा उल्लेख मापदण्ड बमोजिम प्राविधिक मुल्यांकन गर्दा देहायमा उल्लेखित बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही भई आर्थिक प्रस्ताव खोल्नका लागि उपयुक्त देखिएकोले २०७९/०१/२३ गते दिउँसो २:०० बजे ललितपुर महानगरपालिकाको कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सोही नियमको उपनियम (५) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. No | IFB No. | Descriptions | Technically Qualified Bids | Technically Disqualified Bids |
|---|---|---|---|---|
| 1 | LMC-16-078/79 | Construction of Machhindra Complex (Multipurpose Building) at Lagankhel, Lalitpur | 1. BKOI/Nawa Srijanshil J/V<br>2. M.B.-K.B. Joint Venture<br>3. Mrit Sanjiwoni /Panchakanya JV | 1. Rabina-Jugal J/V<br>2. Tulasi Bhakta Construction Pvt.Ltd |

## भिमसेनथापा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
खाञ्चोक, गोरखा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७९/०१/१६**

भिमसेनथापा गाउँपालिकाबाट तपशिल बमोजिमको मितिमा प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु मध्येबाट न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ र ४७ को प्रयोजनार्थ यस कार्यालयको मिति २०७९/०१/१५ को निर्णयानुसार सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| क्र.सं. | ठेक्का नं. | सूचना प्रकाशन मिति | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (मु.अ. कर र पि.एस. बाहेक) |
|---|---|---|---|---|---|
| १ | BTRM/BUILDING/NCB/WORKS-04/078/79 | २०७८/११/१६ | Construction of Ward Office Building (Ward No.6) | Shiva Engineering Group Pvt.Ltd. Kathmandu-15, Banasthali | ७७,१०,२१७/१४ |

**प्रमुख प्रशासकीय अधिकृत**

## चिशंखुगढी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना, ओखलढुंगा
प्रदेश नं. १, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मितिः २०७९/०१/१६**

यस कार्यालयको मिति २०७८/११/२३ गते चिशंखुगढी गाउँपालिका अन्तर्गत BUILD BROADBAND NETWORK AND PROVIDE INTERNET ACCESS CONNECTIVITY SERVICES IN 58 SITES OF CHISHANKHUGADHI RURAL MUNICIPALITY कार्यको लागि हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार E-bid submission मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही तपसिलको बोलपत्र स्वीकृतीका लागि छनैट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ यो सूचना जारी गरिएको छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर सहित) |
|---|---|---|---|
| १ | CRM/NCB/IT/04/2078/079 | Arrownet Pvt. Ltd., Tripureshwor, Kathmandu, Bagmati Province, Nepal. | ४६,०१,७८०.००/- |

**प्रमुख प्रशासकीय अधिकृत**

## बंगलाचुली गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
कमिरेचौर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०७९/०१/१६)**

यस कार्यालयको मिति २०७८/१२/१३ गतेको "राप्ती पोष्ट" राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र सूचनानुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलका बोलपत्र न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| ठेक्का नं. | निर्माण कार्यको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | न्यूनतम मुल्याङ्कित रु. (मु.अ.क र PS सहित) |
|---|---|---|---|
| BRM/NCB/ROAD/2078/079-10 | Road Maintenance on Badipokhara-Tapa & Murkuti-Bangalachuli Road Section | New Ambe Nirman Sewa (Ghorahi-18, Dang) | 25,56,666.42 |
| BRM/NCB/W/2078/079-11 | Construction of Physical Infrastructure in Pradip Basu Stadium, Bangalachuli RM-04 | Prakash Nirman Sewa (Rajpur-1, Dang) | 29,91,041.60 |

**प्रमूख प्रशासकीय अधिकृत**

## थाक्रे गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
महादेवबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०१/१६**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार विभिन्न मितिमा प्रकाशित सूचनामा पेश भएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको मूल्याङ्कन (Technical Evaluation) र आर्थिक प्रस्ताव बााट तपसिलमा उल्लेखित बोलपत्रदाताको प्रस्ताव छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २८ को उपदफा ५ तथा सार्वजनिक खरिद नियमावलीको नियम ७८ बमोजिम स्वीकृत गरी सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं | ठेक्का नं. | खरिदको विषय | स्वीकृत भएका बोलपत्रदाताहरु |
|---|---|---|---|
| १ | 7/NCB/WORKS/THAKRE/2078/079 | Constuction Of Madan Bhandari Mahabidhyalaya Building | Gyan Jyoti Builders Pvt Ltd |
| २ | 10/NCB/WORKS/THAKRE/2078/079 | Mahadevbesi Chandisthan Bitlab Sadak | Prasun Nirman Sewa |
| ३ | 11/NCB/WORKS/THAKRE/2078/079 | Simle Halthum Goganpani Sadak | Rai Construction & Suppliers |

**प्रमुख प्रशासकीय अधिकृत**

## चुमनुब्री गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

**प्रकाशित मितिः २०७९/०१/१६**

यस कार्यालयको मिति २०७८/१२/०४ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा तथा PPMO को web Portal www.bolpatra.gov.np/egp मा आव्हान गरिएका तपशिल बमोजिमका ठेक्काहरुमा सूचनामा उल्लेखित अन्तिम म्याद भित्र रीतपूर्वक पेश भएका बोलपत्रहरुको मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको साथै सम्वन्धित सवैलाई जानकारीको लागि आजका मिति देखि यो सात दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवै बोलपत्रदाताहरुलाई यसै सूचनाद्धारा जानकारी गराईएको छ।

**तपशिलः**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल गरेको रकम रु. (मु.अ.कर र पि. एस. बाहेक) |
|---|---|---|---|---|
| १. | CNRM/WORKS/NCB/01/2078/79 | Construction of Chaurikharka Pari Hudai Chhekampar Jane Bato | श्री जे.एम.कन्सट्रक्सन प्रा.लि. चुमनुब्री गाउँपालिका-०३, गोरखा। | २,५०२,९७४.४५ |
| २. | CNRM/WORKS/NCB/02/2078/79 | Construction of Chaurikharka Jane Bato Nirman | श्री चुङकाङ निर्माण सेवा, काठमाडौ -१६, म्हेपी, काठमाडौ। | १,४८६,१९६.०२ |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
१६ वैशाख २०७९, शुक्रबार
29 April 2022, Friday

सम्पादकीय

## निको नभएको रोग

राष्ट्रिय फुटबल टीममा फेरि समस्या देखिएको छ। एसिया कप छनोट खेल अगाडि मैत्रीपूर्ण प्रतिश्पर्धाको तयारीमा रहेको फुटबलमा समस्या देखिएको हो। बन्द प्रशिक्षणमा रहेका प्रमुख खेलाडीहरूले बिहीबार पत्रकार सम्मेलन नै गरे। मूख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीका कारण पीडित बनेको उनीहरूको कथन छ। मूख्य प्रशिक्षक अल्मुताइरीले खेलाडीको व्यक्तिगत जीवनमा समेत अति हस्तक्षेप गरेको उनीहरूले गुनासो गरेका छन्। उनीहरूकै कथन अनुसार, बन्द प्रशिक्षणमा खेलाडीहरूले होस्टलमा नभएर होटलमा राख्न गरेको मागप्रति मूख्यप्रशिक्षण अल्मुताइरीले कार्बाहीको विषय बनाएको हो। कप्तान किरण चेम्जोङ व्यावसायिक खेलका क्रममा माल्दिभ्स छन्। बाँकी खेलाडी बन्द प्रशिक्षणमा थिए। त्यसक्रममा रोहित चन्द सहित खेलाडीलाई बन्द प्रशिक्षणबाट निकालेको खेलाडीहरूले जनाएका छन्।

बिहीबारको पत्रकार सम्मेलनमा उनीहरूले विद्रोही नभएर पीडित रहेको बताएका थिए। सँगै, मूख्य प्रशिक्षक अल्मुताइरीको मातहतमा रहेर खेल्न नसक्ने समेत सुनाएका छन्। हटाउनुपर्छ नभन्ने, तर खेल्न भने नसक्ने उनीहरूको अभिव्यक्ति थियो। यसको अर्थ बन्द प्रशिक्षणबाट बाहिरिएका खेलाडीहरूले बटमलाइन नै लिएका छन्। उनीहरूको अडानमा कप्तान किरण चेम्जोङले पनि समर्थन जनाएका छन्। माल्दिभ्सबाटै उनले सामाजिक सञ्जालमार्फत् खेलाडीहरूकै पक्षमा रहेको प्रष्ट पारेका थिए। दर्शक र समर्थकबीच प्रिय बनेका अल्मुताइरी यसअघि पनि विवादित बनेका थिए। एन्फाका पदाधिकारीसँगको विवादमा अल्मुताइरीले प्रशिक्षण नगर्ने अडान लिएका थिए। तर उनको समर्थकहरूकै कारण एन्फाका पदाधिकारीले माफीसहित नेपाल ल्याएका थिए।

फेरि खेलाडीसँग विवाद देखिएको छ। राष्ट्रिय फुटबल टीममा देखिएको समस्या यो नौलो होइन। यसअघि कप्तान सहित राष्ट्रिय टीमका खेलाडीहरूलाई म्याच फिक्सिङको आरोप लागेको थियो। लामै समय थुनामा रहेका ती खेलाडीहरूलाई सफाइ दिइएको छ। यसबाहेक साना ठूला विवाद सधैं फुटबलमा देखिने गरेको छ। हुन त फुटबलमा मात्रै नभएर क्रिकेट लगायत अन्य खेलमा पनि समस्या देखिने गरेको छ। जानकारहरूका अनुसार, यस्ता विवाद र संकटको मूख्यकारण यो क्षेत्रले व्यावसायिक रूप लिन नसक्नु हो। त्यो भन्दा बढी एन्फा, क्यान लगायत छाता संस्थामा हुने राजनीति हो। त्यसैले कहिले तलबभत्ता, कहिले भ्रष्टाचार, कहिले अनुशासन जस्ता विषयले यो खेल क्षेत्र प्रभावित बन्ने गरेको छ। नेपालको खेल क्षेत्रलाई व्यवसायिक रूप दिने र अन्तर्राष्ट्रिय जगतमा बलियो बन्न दीर्घकालीन समाधानको खोजी जरूरी छ।

# नेकपाभित्रको विवादको अन्तर्य

*राजनीतिमा नियतको प्रश्न प्रधान हुन्छ। बहस र विवादमा एउटा इमानदारीता, चिन्ता र दृष्टिकोण हुन्छ भने अर्को षडयन्त्र, अराजकता र नियोजित हमला हुन्छ। पहिलोलाई सम्मान गर्नुपर्छ भने दोस्रोलाई हटाइदिनु पर्छ।*

अग्रलेख



● विष्णु पन्त

नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीभित्र एउटा विवाद गम्भीररुपमा देखिएको छ, त्यो हो सरकारले गर्न लागेको चुनावको प्रयोग वा बहिष्कार। एउटा महान् बहस गऱ्यौं भन्नेहरूले गरेका पछिल्लो भेटघाटहरूले पनि वास्तविकतालाई केही मात्रामा रहस्याद्घाटन गरिदिएका छन्। यो विवाद मित्रतापूर्ण थिएन र यसको उद्देश्य विभाजन थियो। यसको उद्देश्य पार्टीको मुल नतृत्वमाथिको हमला थियो। मेरो विचारमा विवादको उद्देश्य पार्टी, नेतृत्व र श्रमजिवी वर्गलाई ध्वंश गर्नु थियो। बहस वा विवादको त एउटा तह हुन्छ नी !

शुभचिन्तकहरूको प्रश्न छ : यो तुच्छ विवाद किन ? विवाद कार्यनीतिक वा राजनीतिक मात्र हो भने अन्य घिन लाग्दा आरोप किन ? विवाद कार्यनीतिको भनिएको छ तर, आरोप आर्थिक लगाइएको छ। पार्टीको पछिल्लो केन्द्रीय समितिको परिपत्रमा जनाइएअनुसार चैत मसान्तभित्र दाखिला गर्ने भन्ने रकम मुख्य विषय हुनसक्छ। नेपालीमा एउटा उखान छ 'भुक्ने कुकरले टोक्दैन।' यसको अर्थ यो पनि हो कि टोक्ने कुकुरले धेरै भुक्दैन। दलाल पुँजीवादको एउटा सिद्धान्त हुन्छ, 'विधि, पद्धतिलाई चुनौति दिने अनि संस्थालाई टाट पल्टाउन खोज्ने तर, सीमित व्यक्ति धनी बन्ने।'

सायद, संस्थागत गर्ने अनि सबैले विधि पद्धतिको पालना गनुपर्ने विषयमा कडाइ हुन थालेपछि यो समस्या जन्मिएको हो। नेपालीमा एउटा उखान पनि छ 'संगत गुनाको फल।' संगतको आधारमा नेतृत्वको भित्री स्वार्थ अभिव्यक्त हुन्छ। आफ्ना अराजकता र अपराधहरूलाई छोप्न मार्क्स, लेनिन र माओका शब्दहरूको दुरूपयोग नगरौं। त्यसकारण पार्टीभित्रको विवाद वास्तविक हैन र षडयन्त्र हो। मान्छे आफू एकिकृत समाजवादी, माओवादी केन्द्र, एमाले अनि राप्रपामा छ तर, विप्लवको प्रयोगको कार्यनीतिको विरोध गर्छ। यो हदसम्मको षडयन्त्र किन ? आफू अरू पार्टीका उम्मेदवार बनेको छ तर, यता सहिदका फोटा राखेर नेतृत्वमाथि हमला गरेको छ। पार्टी बाहिर छ, पार्टीका नाममा चन्दा उठाएको छ तर, भन्छ विप्लव र प्रकाण्ड गद्दार ! यी परिदृश्यहरूको सम्बोधन हुने नेपालीमा एउटा उखान छ, 'जो चोर उसको ठूलो स्वर।' त्यसकारण षडयन्त्र र अपराधको राजनीतिकरण गर्ने जुन सिद्धान्त छ त्यसलाई बुझ्नुपर्ने जरूरी छ। आजको परिदृश्य यही छ कि एकथरी मान्छेहरू विप्लव र प्रकाण्डलाई सत्तोसराप गरिरहेका छन्। त्यसको बदलामा विप्लव र प्रकाण्ड मौन, शालिन्, संयमित र सभ्य ढंगले अगाडि बढिरहेका छन्। त्यसकारण बहसलाई महान बनाउँदा सकिने ठाउँ थियो त्यो हो : चुनावको प्रयोग गरौं तर संसदवादमा नफस्ने विधि खोजौं।



**पार्टी विभाजन हुँदैन**

मुल नेतृत्व र सिंगो पार्टीविरूद्ध भएको गम्भीर षडयन्त्रको रहस्य विस्तारै खुल्दै छ। विस्तारै अराजकतावादको षडयन्त्र आफैं चकनाचुर हुँदैछ। अराजक र उच्छृङ्खल समूहले भोली तिनीहरूका नेतालाई पनि खाइदिन्छ। पार्टी छोड्नेरूसँग संगठन चलाउने हैसियत भएको छैन। उनीहरूले केही महिना पनि पार्टी चलाउन सक्दैनौ। त्यागको परिणाम फेरि अर्को शरण खोज्नुपर्नेछ। शरण खोज्ने ठाउँ भनेको यात किरण हुन् यात प्रचण्ड हुन्। त्यसकारण नेपाली क्रान्तिको मुख्य समस्या नेतृत्वको विकास हो। नेतृत्व सही भएमा दायाँ वा बायाँ कदम स्वभाविक हुन्छन्। केही व्यक्तिहरू पार्टीबाट बाहिरिँदैमा पार्टी कमजोर हुँदैन। मुल नेतृत्व र पार्टीविरूद्ध भएका र हुने सम्भावित षडयन्त्रका विरूद्ध समग्र पार्टी एकढिक्का छ। केही अराजक र अनुशासनहिन व्यक्तिहरूले होहोल्ला गर्दैमा पार्टीमा विभाजन आउँदैन। फुट र विभाजनको होहल्ला चलाइए पनि त्यो निरर्थक र प्रभावहिन हुनेछ। ठूलाठूला राजनीतिक बहस गर्ने दार्शनिकहरूले सबैभन्दा पहिले आफ्ना कमिकमजोरी सच्याउनुपर्छ। आफैंले दलालीकरण र भ्रष्टीकरणको नेतृत्व गर्ने अनि क्रान्तिका ठूलाठूला र उत्ताउला गफ गर्नु शोभनीय हुँदैन।

*वैज्ञानिक समाजवादको नारा लगाउने तर, निजी चन्दाको खोजी गर्दै हिँड्ने छुट पार्टीभित्र दिनु हुँदैन। पार्टीको आर्थिक जीवनलाई पारदर्शी र संस्थागत गर्ने अभ्यासलाई चुनौति दिने काम स्वयम् सचिवालय स्तरका नेताबाट आज हुन गएको छ। फेरि पछिल्लो कार्यनीतिको विवाद र आर्थिक अपचलनका घटनाहरूबीच तालमेल र संगति पनि देखियो।*

**भ्रम धेरै समय टिक्दैन**

अहिले पार्टीलाई ध्वस्त बनाउने उद्देश्यका साथ भ्रमका पहाडहरू सिर्जना गरिएको छ। विस्तारै षडयन्त्रकारीहरू कमजोर र अलग-अलग भएका छन्। विस्तारै अनि क्रमिक ढंगले पार्टीको कार्यनीतिले सर्वस्वीकार्यता ग्रहण गर्दैछ। विस्तारै कुतर्क र कुप्रचारहरू प्रभावहिन बन्दैछन्। चुनावको प्रयोग, उपयोग र भण्डाफोर यी कुनै नयाँ विषय होइनन्। अहिलेको चिन्ता संसदवादमा नफसियोस् भन्ने हो र त्यो जायज छ। तत्कालीन कार्यनीतिक हिसाबले चुनावको प्रयोग गरेरै गएपनि त्यसपछि त्यहाँबाट निस्कने विधि के छ भनेर बहस गरेको भए त्यो महान र वैज्ञानिक हुने थियो। त्यसकारण बहसको उद्देश्य समस्या र अवरोध सिर्जना गर्ने तर्फ केन्द्रित भयो तर, समाधान तर्फ भएन। विवाद शत्रुतावूर्ण भयो र मित्रतापूर्ण भएन। अर्को शब्दमा रचनात्मक हैन ध्वंसात्मक विवाद गरियो। वैशाख ३० सम्म ठिक छ चुनावमा जाउँ त्यसपछि के गर्ने भन्ने विषयमा बहस केन्द्रित हुनुपर्थ्यो।

**फुटको कारण**

काल मार्क्सले एक ठाउँमा भनेका छन्- कानुनलाई पुँजीपतिहरूले शोषण गर्ने साधन बनाएका छन्। अर्थात् पुँजीवादमा कानुन शोषित वर्गलाई लाग्छ शासकहरूलाई हैन। यो प्रश्न कम्युनिष्ट पार्टीको हकमा पनि उठ्ने गर्छ। के विधि, पद्धत र अनुशासनको पालना केवल कार्यकर्ताहरूले मात्र गर्नुपर्ने हो ? पछिल्लो समय पार्टीभित्र संस्थागत पद्धतिको विकास गर्न खोजिएको छ। वैज्ञानिक समाजवादको नारा लगाउने तर, निजी चन्दाको खोजी गर्दै हिँड्ने छुट दिनु हुँदैन। पार्टीको आर्थिक जीवनलाई पारदर्शी र संस्थागत गर्ने अभ्यासलाई चुनौति दिने काम स्वयम् सचिवालय स्तरका नेताबाट भयो। फेरि पछिल्लो कार्यनीतिको विवाद र आर्थिक अपचलनका घटनाहरूबीच तालमेल र संगति देखियो। आजको मुख्य समस्या भनेको उत्पादन र वितरणमा हो। त्यसलाई कसरी व्यवस्थित गराउने भन्ने विषयमा बहस भएको भए राम्रो हुन्थ्यो। पूर्णकालीन नेता कार्यकर्ताको व्यवस्थापन अर्को चुनौति हो। सामूहिक नेतृत्व प्रणालीको विकास र प्रयोग अर्को चुनौति हो। आजको विवाद हेर्दा स्पष्ट हुन्छ : सचिवालयमा पनि महासचिवले शंका गर्नुपर्ने गम्भीर अवस्था रहेछ।

पार्टीको जीवनमा यो गम्भीर समस्या देखा पऱ्यो। विगतमा पनि पार्टीका निर्णयहरू, परिपत्रहरू र दस्तावेजहरू तुरून्तै विरोधीहरूकोमा पुग्ने समस्या थियो। आज विवाद र छलफलका सम्पूर्ण सूचनाहरू खुलेआम बाहिरिएका छन्। त्यसकारण पार्टीलाई विधि र पद्धतिमा चलाउने महासचिवको योजनामा अवरोध किन ? पैसा उठाउन नपउने भए पार्टी नै छोड्छु भन्ने धम्कि किन ? यी घटनाहरूको निष्कर्ष हुन्छः केही व्यक्तिहरू पार्टीबाट बाहिरिने।

**निष्कर्षमा,**

कार्यनीतिक बहसलाई मुल नेतृत्व र पार्टीलाई ध्वस्त गराउनेरूपमा प्रयोग गर्ने एउटा गम्भीर षडयन्त्र विस्तारै उदाङ्गो हुँदै गयो। चुनावको प्रयोग सम्बन्धी केन्द्रीय समितिले गरेको निर्णय विस्तारै सर्वस्वीकार्य बन्दै गएको छ। भ्रम, कुप्रचार र संकिर्णताका कालो बादलहरू विस्तारै हट्दै गएका छन्। पार्टी र नेतृत्वलाई एक्लाउने षडयन्त्रहरू चकनाचुर भएका छन्। राजनीतिमा उतारचढावहरू आउँछन् तर, त्यसलाई स्वीकार गर्न सक्नुपर्छ। सस्तो लोकप्रीयताको कुटनीति पनि असफल सावित हुन्छ। नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा चुनावको प्रयोग, उपयोग वा भण्डाफोर एउटा अभ्यास हो भने बहिष्कार ध्वंश अनि प्रतिरोध अर्को अभ्यास हो। कुन कार्यनीति अपाउने भन्ने कुराको निर्धाण खासगरी दुश्मनको कार्यनीति र आफ्नो शक्तिका बीचको हिसाव किताववाट गर्नुपर्छ। जे गर्दा दुश्मन कमजोर हुन्छ त्यही गर्नुपर्छ। हाम्रो बारेमा दुश्मनले चाहेजस्तो प्रतिक्रिया जनाउनु आफैंमा मुर्खता हुन्छ। त्यसकारण बहिष्कार वा प्रयोगका पुरानै अभ्यास आफैंमा संसदवादी गोलचक्कर हुन्।

विषयलाई नकारात्मक र ध्वंसात्मक ढंगले बुझ्दा समस्या उत्पन्न भयो। जे भयो त्यो विगत भयो र अब के गर्ने भन्ने विषय महत्वपूर्ण हुन्छ। अर्को घटनाक्रम र परिणामले अन्तर्निहित सत्यलाई उजागर गर्नेछ। राजनीतिमा नियतको प्रश्न प्रधान हुन्छ। बहस र विवादमा एउटा इमानदारीता, चिन्ता र दृष्टिकोण हुन्छ भने अर्को षडयन्त्र, अराजकता र नियोजित हमला हुन्छ। पहिलोलाई सम्मान गर्नुपर्छ भने दोस्रोलाई हटाइदिनु पर्छ। अनौठो कुरा के छ भने व्यक्ति आफू अर्को संसदीय पार्टीमा गएको छ तर, विप्लव र प्रकाण्डविरूद्ध उसैले दुश्प्रचार गर्छ। उता आफू उम्मेद्वार बनेको छ अन्य पार्टीबाट तर, यता विप्लव सिद्धिए भन्छ। अराजक र दुश्मनको सहारा लिएर विवाद गर्नु आफैंमा नैतिकहिन कार्य हुन्छ। आफूलाई बोक्ने मान्छेहरूको प्रवृतिलाई पनि चिन्नुपर्छ। फेरि पनि पार्टी एकढिक्का छ र समस्या छ भने केही सीमित व्यक्तिहरूमा मात्र छ।

*(लेखक पन्त नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाका केन्द्रीय नेता हुन्।)*

**सामाजिक सञ्जाल**



**- नवराज पन्त**

सौल सिटीको मेयरमा जित्नेले प्रख्यातीसँगै कुनै समय राष्ट्रपतिको चुनाव पनि जितेका थिए। नेपालमा काठमाडौंको मेयरमा उम्मेदवारी दिनेहरूले जाबो ट्रली बस चलाउँछु वा लङ ब्याट्री बस चलाउँछु वा लङ हाइड्रोजन बस चलाउँछु भनि योजना ल्याउन पनि सक्दैनन् भने उनिहरूलाई कसरी दुरदर्शी नेता भन्ने ?



**- सुन्दरी पोखरेल**

अर्थतन्त्र सहज छैन। आयात बन्द गरेर मात्र समाधान हुन्न। सरकारी खर्च र विकास खर्च बढाउ। कमिशन धन्दा बन्द गर। आयात प्रतिस्थापन गर्न तत्कालै विद्युत महशुल घटाउ। ग्यासमा दिने अनुदान विद्युतमा देउ, विद्युतमा खाना पकाउने नीति ल्याउ। सरकारले ठोस कदम चालोस्। रमिता हेरेर नबसोस्।



**- राजेश अहिराज**

देश ऋणमा छ, अत्याधिक काम गरेर देशलाई ऋणमुक्त गर्ने र जनतालाई देश मै टिकाउनु पर्ने छ। तर, सरकारले बिदा थपेको थपेकै छ। सार्वजनिक बिदामा पुनरावलोकन नभए अब सरकारी कर्मचारीले पाउनेछन् ३६५ दिनमा १४५ दिन बिदा नै पाउने भए।



**- प्रकाश राई**

अरू देशका नेताहरू छाप्रोमा बसेर देश बनाउँछन्, हाम्रा देशका नेताहरू देश बिगारेर महल बनाउँछन्। हामीले बाकसमा छोराको लाश भित्र्याएर पनि रेमिट्यान्सले देश टालेका छौं। हलगोरू पाल्न धौ धौ परेको बेला ताउलोमा जाउलो घटाएर पनि सांसदको गोठ हालेका छौं। कि कसो ?



**- विश्वरसिंह मेवाहाङ**

सरकारी गाडीमा सरकारी तेल हालेर सरकारी पोशाक लगाएर सरकारी क्वाटरबाट अफिस जाने सुटेड बुटेडको लागि मात्रै सहज होला ९:३०–५:०० बजेको कार्यालय समय। दुई घण्टा लामो बाटो हिँडेर म्याजिक चप्पल पड्काउँदै स्कुल जाने दुरदराजका १/२ कक्षा पढ्ने बालबालिकाको लागि यो समय कल्पनाभन्दा बाहिरको हो।

# वागमती संरक्षणको सवाल

*हामीले नदीनालालाई माया गरी संरक्षण संवर्द्धन गर्न सकेमा सम्पूर्ण जगतको कल्याण हुन्छ। साथै, हामीले हाम्रो सम्पदायहरूको रक्षा गर्दै पुरानै अवस्थामा लैजान सक्यौं भने हामी धन्य हुनेछौं। हामीले सभ्य मानव जाति र सभ्य समाजको निर्माण गर्दै आफ्नो दिवंगत शरीरलाई वागमती नदीमा स्नान गराउँदै सद्गत् प्राप्त गरी मुक्तिको बाटोमा लाग्ने मौका पाउनेछौं।*

विचार



● चेतनाथ पराजुली

